नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

थापाथली, काठमाण्डौं

# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपुर्ती सम्वन्धी कार्यविधि

२०७६

# नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

## थापाथली, काठमाण्डौं

# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपुर्ती सम्वन्धी कार्यविधि, २०७६

कम्पनीमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतियोगिताको आधारमा छनौट गरी नियुक्ती गर्न यस कम्पनीको नियमावलीको नियम ३६(२) बमोजिम सिफारिश गर्ने प्रयोजनको लागि यो कार्यविधि बनाइएको छ।

**१. दरखास्त आह्वान:**

यस कम्पनीमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदपुर्तिका लागि २१ दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा २ पटक अनुसूची १ बमोजिमको सूचना प्रकाशित गरिनेछ।

**२. न्यूनतम् शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्ड:**

**२.१. न्यूनतम् शैक्षिक योग्यता र अनुभव:**

कम्पनीको विशिष्ट आवश्यकतालाई परिपुर्ती गर्ने गरी कम्पनीको प्रबन्ध पत्र तथा नियमावली र बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका २०७५ मा उल्लेखित व्यवस्था समेतका आधारमा प्रमुख कार्यकारी अधिकृतको नियुक्त गर्नका लागि देहायका योग्यता र अनुभव भएका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

२.१.१ बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून, गणित, तथ्यांकशास्त्र वा इन्जिनियरिंग विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा पाँच, बैंक वा वित्तीय क्षेत्रमा भए आठ तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा सात वर्षको अनुभव भएका व्यक्ति, वा

२.१.२ चार्टर्ड एकाउन्टेण्ट्सी, व्यवस्थापन, बीमा, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्यांकशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा बाह्र, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा तेह्र वर्षको अनुभव गरेका व्यक्ति।

"व्यवस्थापक" भन्नाले कुनै सूचीकृत कम्पनी वा नेपाल सरकारको स्वामित्वमा भएको संगठित संस्थाको अधिकृत द्वितीय वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ।

**२.२. उमेर:** ६५ वर्ष पूरा नभएको।

**२.३. अन्य मापदण्ड:**

बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका २०७५ ले तोके बमोजिम अन्य मापदण्ड पूरा भएको।

**३. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

३.१. शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेद्वारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

३.२. नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याई गर्ने कागजाको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ।

३.३. उम्मद्वारले आफ्नो दरखास्तसाथ पाँच हजार शब्दमा नबढ्ने गरी तयार गरिएको दुई प्रति नेपाल पुनर्बीमा कम्पनी लिमिटेड सम्बन्धी व्यवसायिक योजना (Business Plan) पेश गर्नु पर्नेछ।

४. दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४.१.कुनै राजनीतिक दलको सदस्य नभएको,

४.२. यस कम्पनीको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा आफै वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा सो संस्थासंग नीजि स्वार्थ नभएको,

४.३.आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकि नरहेको,

४.४. भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

४.५. टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजायँ नपाएको एवं दामासहीमा नपरेको,

४.६. नियतवस बैंक तथा वित्तीय संस्थाको रिण नतिरी प्रचलित कानून बमोजिम कालीसूचीमा नपरेको,

४.७. बीमा ऐन, २०४९ तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम योग्य भएको तथा बीमा समितिबाट जारी अन्य निर्देशन अनुसार अयोग्य नरहेको ।

५. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरुः

प्रमुख कार्यकारी अधिकृतको कार्यक्षेत्रगत शर्तहरु (TOR), कम्पनीको प्रबन्ध पत्र नियमावली तथा बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ एवं अन्य निर्देशन र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

६. व्यवसायिक योजना पेश गर्नुपर्नेः

६.१. व्यवसायिक योजना (Business Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिए बमोजिम कार्यविवरण (TOR) समेतका आधारमा निम्न बुंदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनुपर्नेछः-

६.१.१. बीमा तथा पुनर्बीमा क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्यः

अन्तर्राष्ट्रिय बीमा तथा पुनर्बीमा परिदृश्य तथा नेपालको विद्यमान बीमा तथा पुनर्बीमा अवस्थाको विश्लेषण, नेपाल पुनर्बीमाको ऐतिहासिक पृष्ठभूमी, कम्पनीको विगत वर्षहरुको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको विश्लेषणका अधारमा देखिएका सबल एवं दुर्बल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान । बीमा तथा पुनर्बीमा क्षेत्रको अण्डरराइटिंग, जोखिमांकन, बीमाशुल्क/पुनर्बीमाशुल्क, पुनर्बीमा, दावी, सम्पत्तिको गुणस्तर, सञ्चालन मूनाफा र खुद मूनाफामा कम्पनीको स्थानको विश्लेषण ।

६.१.२. व्यवसायिक कार्य योजनाः

कम्पनीको संस्थागत सुशासन, Digitization, आधुनिकिकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, औद्योगिक सम्बन्ध, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको पहिचान तथा कम्पनीका रणनीतिक योजना (अनुसूची २) को अध्ययन तथा विश्लेषण एवं समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा कम्पनीको व्यवसाय तथा मुनाफा अभिबृद्धि गर्ने समयसारिणी सहितको कार्ययोजना (Action Plan) ।

६.१.३. प्रक्षेपित वित्तीय विवरणः

प्रस्तावित कार्य योजनाका आधारमा आगामी चारको प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (Projected Financial Statement) ।

६.२. तोकिएको शैक्षिक योग्यता र अनुभव भएका र व्यवसायिक योजना प्रस्तुतीका लागि छनौटमा परेका (Short Listed) आवेदकहरुले तोकिएको मिति र समयमा व्यवसायिक योजनाको प्रस्तुती गर्नु पर्नेछ ।

६.३. प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनुपर्नेछ ।

**७. उम्मेदवारको मूल्यांकन सम्वन्धी अंक भारः**

७.१. उम्मेद्वारको मूल्यांकन सम्वन्धी अंकभार तपसिल बमोजिम कायम हुनेछः

| | | | | |
|---|---|---|---|---|
| ७.१.१. | शैक्षिक योग्यता | - | ३ | अंक |
| ७.१.२. | अनुभव | - | १२ | अंक |
| ७.१.३. | व्यवसायिक योजना | - | ४० | अंक |
| ७.१.४. | व्यवसायिक योजनाको प्रस्तुतिकरण | - | १५ | अंक |
| ७.१.५. | अन्तर्वार्ता | - | ३० | अंक |
| | जम्मा | - | १०० | अंक |

७.२. अंकको वितरण देहाय बमोजिम हुनेछ ।

| | मापदण्ड | अंकभार | | छुट्याइएको अंकभार |
|---|---|---|---|---|
| ७.२.१. | शैक्षिक योग्यता | | | ३ |
| | स्नातकोत्तर प्रथम श्रेणी | ३ अंक | | |
| | स्नातकोत्तर द्वितीय श्रेणी | २ अंक | | |
| | स्नातकोत्तर तृतीय श्रेणी | १ अंक | | |
| ७.२.२. | अनुभव | | | १२ |

| कार्यरत रहेको पद/तह | बीमा/पुनर्बीमा,बैंक तथा वित्तीय क्षेत्र | अन्य संस्था |
|---|---|---|
| अधिकृत द्वितीय तह वा सो भन्दा माथिको पद/तहमा यस कार्यविधिको दफा २.१.१ र २.१.२ मा रहेको आवश्यक न्यूनतम अनुभव हांसिल गरे वापतको अंक | ६ अंक | ४ अंक |
| उच्च व्यवस्थापकीय तह (तह १० वा सोभन्दा माथि) थप प्रत्येक वर्षको ०.७५ का दरले अतिरिक्त अंक | ३ अंक | २ अंक |
| प्रमुख कार्यकारी अधिकृत पदको अनुभवका लागि प्रत्येक वर्षको ०.७५ का दरले अतिरिक्त अंक | ३ अंक | २ अंक |

नोटः

१. बीमा/पुनर्बीमा क्षेत्र भन्नाले यस प्रयोजनका लागि बीमा ऐन २०४९ बमोजिम बीमा समितिबाट जीवन बीमा, निर्जीवन बीमा वा पुनर्बीमा व्यवसाय गर्न गठित कम्पनी वा संस्थान वा सो क्षेत्रलाई नियमन गर्ने नियमनकारी निकाय समेतलाई सम्झनु पर्दछ ।

२. बैंक तथा वित्तीय संस्था भन्नाले क वर्गका वाणिज्य बैक, छुट्टै ऐन अन्तर्गत स्थापना भएका वित्तीय कारोवार (कोष व्यवस्थापन) गर्ने संस्था तथा सो क्षेत्रलाई नियमन गर्ने नियमनकारी निकाय समेतलाई सम्झनु पर्दछ ।

३. एक वर्षभन्दा कम अवधिको अनुभव वापतको अंक गणना गरिने छैन ।

७.२.३. **व्यवसायिक योजना (Business Plan)** ४०

| व्यवसायिक योजनाका विषयवस्तु | अंकभार |
| --- | --- |
| क. बीमा तथा पुनर्बीमा क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य विश्लेषण | १० अंक |
| ख. व्यवसायिक कार्य योजना | २० अंक |
| ग. प्रक्षेपित वित्तीय विवरण | १० अंक |

७.२.४. **व्यवसायिक योजना (Business Plan) को प्रस्तुतिकरण** १५

| प्रस्तुतिकरण | अंकभार |
| --- | --- |
| क. तर्कपूर्ण प्रस्तुति | ५ अंक |
| ख. सिर्जनशीलता | ५ अंक |
| ग. कार्य योजनाको स्पष्टता | ५ अंक |

७.२.५. **अन्तर्वार्ता** ३०

| | अंकभार |
| --- | --- |
| क. व्यक्तित्व | ५ अंक |
| ख. आत्मविश्वास | ५ अंक |
| ग. विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता | १० अंक |
| घ. तर्कपूर्ण प्रस्तुती एवं अभिव्यक्ति | ५ अंक |
| ङ. उठाइएका सवालहरु सम्बोधन गर्न सक्ने क्षमता | ५ अंक |

## ८. छनौटका आधार तथा प्रकृया:

उम्मेद्वार छनौटका लागि निम्न बमोजिमको प्रकृया अपनाइनेछ:

८.१. उम्मेद्वारको शैक्षिक योग्यता र पेश भएको व्यवसायिक योजनाको मूल्यांकनमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने उम्मेद्वारहरु मध्ये सम्भव भएसम्म पाँच जना उम्मेद्वारलाई छनौट (Short Listing) गरी व्यवसायिक योजनको प्रस्तुतिकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिने छ।

८.२. उपदफा (८.१) अनुसार छनौट भएका उम्मेद्वारहरु मध्ये शैक्षिक योग्यता, अनुभव, व्यवसायिक योजनाको मूल्यांकन र व्यवसायिक योजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त कूल अंकको आधारमा उच्चतम अंक प्राप्त गर्ने उम्मेद्वारलाई मूख्य उम्मेद्वारको रुपमा र क्रमश: दोश्रो र तेश्रो उच्चतम् अंक प्राप्त गर्नेलाई पहिलो र दोश्रो वैकल्पिक उम्मेद्वारको रुपमा सिफारिश गरिनेछ।

८.३. चारवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको ३ कार्यदिनभित्र थप १५ दिनको म्याद दिई आवेदन दिने सूचना प्रकाशित गरिनेछ। थप भएको म्यादभित्र समेत चारवटाभन्दा बढी आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै प्रकृया अगाडि बढिइने छ।

## ९. व्यवसायिक योजना (Business Plan) प्रस्तुतिकरण एवं अन्तर्वार्ता परीक्षण सम्बन्धी अन्य व्यवस्था:

९.१. व्यवसायिक योजनाको परीक्षण दुईजना विज्ञहरुबाट छुट्टाछुट्टै गोप्य रुपमा गराइने छ।

९.२. उपदफा (१) बमोजिम विज्ञहरुको परीक्षणबाट प्राप्त अंकको आधारमा औषत (Average) अंक निकाली त्यसलाई व्यवसायिक योजना वापतको प्राप्तांकको रुपमा गणना गरिनेछ।

९.३. उपदफा (२) बमोजिम व्यवसायिक योजना वापतको प्राप्तांक (Mark) मा उम्मेद्वारले प्राप्त गरेको शैक्षिक योग्यताको अंक, प्रस्तुतिकरणको अंक र अन्तर्वार्ताको औषत अंक जोडेर अन्तिम अंक गणना गरिनेछ।

९.४. व्यवासायिक योजनाको मूल्यांकन प्रकृयामा गोप्यता कायम हुने गरी विज्ञको सहयोग लिइने छ।

अनुसूची १

(दफा १ संग सम्बन्धित)

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको**

**प्रमुख कार्यकारी अधिकृतको**

**पदपुर्ति सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति...............)

नेपाल पुनर्बीमा कम्पनीमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ती गरिने भएकाले देहायका न्यूनतम् शैक्षिक योग्यता र अनुभव हाँसिल गरेका इच्छुक योग्य नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले कार्यालय समयमा २१ दिन भित्र यस कम्पनीको कार्यालय थापाथली काठमाण्डौमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. न्यूनतम् शैक्षिक योग्यता, अनुभव, उमेर तथा अन्य मापदण्ड:**

**१.१. न्यूनतम् शैक्षिक योग्यता र अनुभव:**

कम्पनीको बिशिष्ट आवश्यकतालाई परिपुर्ती गर्ने गरी बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ परिच्छेद ५ अन्तर्गत दफा २८ मा भएको प्रमुख कार्यकारी नियुक्त गर्नु पर्ने व्यवस्थामा उल्लेख भएको देहायको योग्यता र अनुभव भएका इच्छुक योग्य नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

१.१.१ बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून, गणित, तथ्यांकशास्त्र वा इन्जिनियरिंग बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा पाँच, बैंक वा वित्तीय क्षेत्रमा भए आठ तथा दुवै क्षेत्रमा भए बीमामा एक बर्षको अनुभव सहित कम्तिमा सात बर्षको अनुभव भएको व्यक्ति।

वा

चार्टर्ड एकाउन्टेण्ट्सी, व्यवस्थापन, बीमा, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्यांकशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा बाह्र, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र तथा दुवै क्षेत्रमा भए बीमामा एक बर्षको अनुभव सहित कम्तिमा तेह्र बर्षको अनुभव गरेका व्यक्ति।

"व्यवस्थापक" भन्नाले कुनै सूचीकृत कम्पनी वा नेपाल सरकारको स्वामित्वमा भएको संगठित संस्थाको अधिकृत द्वितीय वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ।

१.२. **उमेर:** ६५ बर्ष पूरा नभएको।

१.३. **अन्य मापदण्ड:**

बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ ले तोके बमोजिम अन्य पूरा भएको।

**२. दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु:**

२.१. शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्तमा उम्मेद्वारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

२.२. नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभव पुस्ट्याई गर्ने कागजाको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ।

२.३. उम्मद्वारले आफ्नो दरखास्तसाथ पाँच हजार शब्दमा नबढ्ने गरी तयार गरिएको दुई प्रति नेपाल पुनर्बीमा कम्पनी लिमिटेड सम्बन्धी व्यवसायिक योजना (Business Plan) पेश गर्नु पर्नेछ।

३. **दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।**

३.१. कुनै राजनीतिक दलको सदस्य नभएको,

३.२. यस कम्पनीको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोबारमा आफै वा आफ्नो परिवारको कुनै सदस्यको संलग्नता नभएको वा सो संस्थासंग नीजि स्वार्थ नभएको,

३.३. आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकि नरहेको,

३.४. भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

३.५. टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजार्य नपाएको एवं दामासहीमा नपरेको,

३.६. नियतबस बैंक तथा वित्तीय संस्थाको रिण नतिरी प्रचलित कानून बमोजिम कालीसूचीमा नपरेको,

३.७. बीमा ऐन, २०४९ तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम योग्य भएको तथा बीमा समितिबाट जारी अन्य निर्देशन अनुसार अयोग्य नरहेको ।

झुट्टा विवरण वा कागजात पेश गरेमा प्रचलित कानून बमाजिम कारवाही हुनेछ।

४. **व्यवसायिक योजना पेश गर्नुपर्ने**

४.१. व्यवसायिक योजना (Business Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागि तोकिए बमोजिम कार्य विवरण (TOR) समेतका आधारमा निम्न बुंदाहरु समेत समावेश हुने गरी तयार पारिएको हुनुपर्नेछ:

४.१.१. **बीमा तथा पुनर्बीमा क्षेत्रको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य:**

अन्तर्राष्ट्रिय बीमा तथा पुनर्बीमा परिदृश्य तथा नेपालको बिद्यमान बीमा तथा पुनर्बीमा अवस्थाको विश्लेषण, नेपाल पुनर्बीमाको ऐतिहासिक पृष्ठभूमी, कम्पनीको बिगत बर्षहरुको कार्यसम्पादन र वित्तीय विवरणहरुले देखाएको समग्र वित्तीय अवस्थाको बिश्लेषणका अधारमा देखिएका सबल एवं दुर्वल पक्षहरु र सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान। बीमा तथा पुनर्बीमा क्षेत्रको अण्डरराइटिंग, जोखिमांकन, बीमाशुल्क/पुनर्बीमाशुल्क, पुनर्बीमा, दावी, सम्पत्तिको गुणस्तर, सञ्चालन मूनाफा र खूद मूनाफामा कम्पनीको स्थानको बिश्लेषण।

४.१.२. **व्यवसायिक कार्य योजना:**

कम्पनीको संस्थागत सुशासन, Digitization, आधुनिकिकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिबृद्धि, प्रतिस्पर्धात्मक क्षमतामा अभिबृद्धि, औद्यौगिक सम्बन्ध, मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको पहिचान तथा कम्पनीका रणनीतिक योजना (अनुसूची ३) को अध्ययन तथा विश्लेषण एवं समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा कम्पनीको व्यवसाय तथा मूनाफा अभिबृद्धि गर्ने समयसारिणी सहितको कार्ययोजना (Action Plan)।

४.१.३. **प्रक्षेपित वित्तीय विवरण:**

पस्तावित कार्य योजनाका आधारमा आगामी चार बर्षमा पुग्न सक्ने प्रक्षेपित वित्तीय अवस्थाको विश्लेषण (Projected Financial Statement)।

४.२. तोकिएको शैक्षिक योग्यता र अनुभव भएका र व्यवसायिक योजना प्रस्तुतीका लागि छनौटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यवसायिक योजनाको प्रस्तुती गर्नु पर्नेछ ।

४.३. प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरुको सक्कल प्रति साथै लिई प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनुपर्नेछ।

## ५. छनौटका आधार तथा प्रकृया:

यस कम्पनीको वेबसाइट www.nepalre.com.np मा राखिएको प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी कार्यविधि २०७६ को दफा ७ मा उल्लेखित मूल्यांकन अंक भारलाई छनौटका आधार मानिनेछ। यसका लागि निम्न बमोजिमको प्रकृया अपनाइनेछ:

५.१. उम्मेद्वारको शैक्षिक योग्यता र पेश भएको व्यवसायिक योजनाको मूल्यांकनमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने उम्मेद्वारहरु मध्ये सम्भव भएसम्म पाँच जना उम्मेद्वारलाई छनौट (Short Listing) गरी व्यवसायिक कार्य योजनको प्रस्तुतिकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिने छ।

५.२. उपदाप (६.१) अनुसार छनौट भएका उम्मेद्वारहरु मध्ये शैक्षिक योग्यता, अनुभव, व्यवसायिक योजनाको मूल्यांकन र व्यवसायिक योजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ता समेतमा प्राप्त अंकको आधारमा उच्चतम अंक प्राप्त गर्ने उम्मेद्वारलाई मुख्य उम्मेद्वारको रुपमा र क्रमश: दोश्रो र तेश्रो उच्चतम् अंक प्राप्त गर्नेलाई पहिलो र दोश्रो वैकल्पिक उम्मेद्वारको रुपमा सिफारिश गरिनेछ।

५.३. चारवटा भन्दा कम आवेदन परेमा उक्त आवेदनलाई कायमै राखी म्याद सकिएको ३ कार्यदिन भित्र थप १५ दिनको म्याद दिई आवेदन दिने सूचना प्रकाशित गरिनेछ। थप भएको म्यादभित्र समेत चारवटाभन्दा बढी आवेदन प्राप्त नभएमा जति आवेदन प्राप्त भएको छ सोही बमोजिम नै प्रकृया अगाडि बढिइने छ।

## ६. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरु:

प्रमुख कार्यकारी अधिकृतको कार्यक्षेत्रगँत शर्तहरु (TOR) कम्पनीको प्रबन्ध पत्र नियमावली तथा बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ एवं अन्य निर्देशन र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ। यस सम्बन्धी विवरण कम्पनीको वेबसाइटमा उपलब्ध हुनेछ।

## ७. प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी विवरण:

प्रमुख कार्यकारी अधिकृतले पाउने मासिक पारिश्रमिक तथा अन्य सुविधा कम्पनीको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ। यस सम्बन्धी विवरण कम्पनीको वेबसाइटमा उपलब्ध हुनेछ।

## ८. अन्य विवरण:

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपुर्ती सम्बन्धी कार्यविधि, २०७६ यस कम्पनीको वेबसाइटमा राखिएको छ।

अनुसूची २

(दफा ६.१.२. संग सम्बन्धित)

नेपाल पुनर्बीमा कम्पनी लिमिटडको

रणनीतिक योजना

## A. Strategic Plan for Fiscal year 2076/77

- Be recognized in Insurance and Reinsurance market nationally and internationally with highest level of financial strength, joining hands with the prominent players in reinsurance sector.
- Grow reinsurance business remarkably and steadily thereby maximizing overall profit of the company, considering the risk coverage and risk retention capacity of the company.
- Invest in high yielding areas with appropriate risk categorization
- Increase share based equity capital through public offer for large participation in the stake of the company and make it freely traded in the stock market, maximizing profit and net worth and also devising appropriate dividend policy.
- Equip and garland company with technically sound human resources in the specific field which contributes achieving overall organizational goals and prepare for business of tomorrow.
- Ensure Institutional development through constructing company's own landmark and state of art building, getting done credit rating from renowned credit rating agencies and enhancing working environment through excellent IT based system.
- Ensure institutionalization of International level corporate governance system in the company with appropriate governance structure, showcasing responsibility and accountability through transparency.

Maintain cordial and amicable relationship with regulators and other prominent stakeholders, complying with all legal and regulatory requirements.

## B. Strategic Plan for Fiscal year 2018/19 to 2022/23

### INTRODUCTION

The Board of Directors of Nepal Reinsurance Company Limited developed this strategic plan to provide the company with a five-year roadmap for supports, services and overall organizational development. The Board of Directors will review progress annually and will review and update the plan annually as needed. This plan was developed with broad involvement and guidance from the Board of Directors accumulating feedbacks from staffs as well as other stakeholders.

Detail discussion meetings have been done for the formulation of Company's vision, mission, core values and assumptions underlying the approach the company's work and performance.

These meetings set the stage for a work session of the full board during which the organization's strategic direction was defined. The staff helped coordinate the planning process and provided important support and analysis to complete this plan.

During the discussion meetings, conducted an environmental scan including an internal organization assessment and a reviewed demographic and market data. The environmental scan and organizational assessment helped Nepal Reinsurance Company Limited assess both the challenges and opportunities it is likely to face over the next five years and set the context for the choices reflected in this strategic plan.

For the purpose of preparing this strategic plan, several stakeholders were also interviewed. Their feedback and suggestions also added a flavor in this plan.

### Background and History

Nepal Re-Insurance Company Limited (Nepal Re), the successor of Insurance Pool that was set up in 2003 with the aim to cover damages caused by the terrorism, is incorporated on 7 November 2014, under the Companies Act, 2006 of Nepal in accordance to the decision of Council of Ministers (Nepal) dated 7th August, 2014 to convert the Insurance Pool, Nepal into Reinsurance Company.

It is established in the PPP Model with equity participation of Government of Nepal, Insurance companies (both life and Non-life) as well as other public limited companies operating in Nepal. Altogether, there are thirty two stakeholders of Nepal Re viz. Government of Nepal, Seventeen non-life insurance companies and Eight Life insurance companies operating in Nepal and six Public companies. Nepal Re is the first reinsurance company in Nepal with the paid-up capital of 5 billion Nepalese Rupees (approx. USD 50 million). Nepal Re writes all forms of reinsurance business in both life and non-life sector. Nepal Re has been established with an objective to enterprise Reinsurance Business in Nepal and contributes towards the economic growth of the country. It also contributes in the national as well as international risk management.

In the wake of catastrophic events and rapid changes in the global business environment, it is increasingly crucial for Insurers to adopt adequate and effective reinsurance arrangements. Weaknesses in an Insurer's reinsurance arrangements may impair its liquidity or capital positions and possibly affect its ability to meet its obligations to policyholders. This, in turn, can severely erode confidence and upset stability in the financial system.

Currently, the main challenge faced by the company is the legacy brought in from Insurance Pool lack of technology expertise in the field etc. As company is first of its kind and considering the lack of experience in the Nepalese market. The great effort would be needed to develop company in line with international reinsurance companies and sustain in domestic and international market. It is very important to develop competitive human resource team, to improve globally recognized information and technology system, to increase business promotion methodology (Nationally & Internationally), to make good relation between clients, stakeholder, regulators, Government etc.

## VISION

Nepal Reinsurance Company Limited to **be the reliable and choicest reinsurer in Asia and the Region, demonstrating *high standard* professional** and prompt services.

## MISSION

Provide quality and hasty reinsurance service to our valuable clients making them comfortable all time in bearing the risk; Customer-focused; committed to grow profitably, sustainably and ultimately satisfactory returns to our stakeholders; play catalyst role to the Government for the development of the nation.

## CORE VALUES

1. Responsiveness
2. State of the Art Practices
3. Partnerships
4. Knowledge Sharing
5. Integrity
6. Accountability
7. Sustainability

## OBJECTIVES OF THE COMPANY

(a) To carry on reinsurance and insurance business subject to compliance with the prevalent law;

(b) To cause to set up the insurance pool and bring it into operation for the purpose of making arrangement for Notarization No. SRD/079/0722 insurance and reinsurance covering various risks and settlement and payment of insurance claims;

(c) To invest the money to be collected in the insurance fund in the form of insurance and reinsurance premium to be received from reinsurance and insurance business;

(d) To invest or to cause to invest being or without being promoter of various companies;

(e) To retrocede risk with other reinsurers for more than Company's retention on insurance or reinsurance obtained by the domestic or foreign insurers with the Company;

(f) To underwrite or to cause to underwrite the reinsurance jointly or severally with or without the help of broker's service as per requirement subject to obtaining permission of the concerned body;

(g) To invest the money collected as share capital, premium for reinsurance or insurance, interest and other income on various movable and immovable property, sell the same or establish other subsidiary company to undertake similar type of business;

(h) To do the works relating to payment of claim to be lodged under insurance or reinsurance business to the extent of the Company's retention and the claim lodged under the insurance fund managed by the Company;

(i) To accept direct cession under the insurance coverage provided by the insurers;

(j) To identify, analyze, estimate, study, research and publish the various subjects and risks' group of the reinsurance and insurance sectors;

(k) To organize or cause to organize, as per requirement, various workshops, symposia, seminars, training, conference etc on the subject of reinsurance and insurance;

(l) To draw attraction of domestic and foreign investors and to enter into joint venture agreement subject to compliance with the prevalent laws.

## STRATEGIC DIRECTION

1. Be known at the Insurance and Reinsurance market nationally and internationally about the existence of Nepal Re, with highest level of financial and technical strength, joining hands with prominent players in reinsurance sector.
2. Grow reinsurance business remarkably and steadily thereby maximizing overall profit of the Company, considering the risk coverage and risk retention capacity of the Company.
3. Invest Companies investible fund in high yielding areas with appropriate risk categorization.
4. Increase share based equity capital through public offer and list into stock market, maximizing profit and net worth and also devising appropriate dividend policy.
5. Equip and Garland the Company with technically sound human resource to meet market requirement at global standards.
6. Ensure Institutional Development through adequate infrastructure facilities (Self owned Building, Ratings, IT Management System, IFRS).
7. Ensure institutionalization of International level Corporate Governance System to ensure transparency. (Target, Accountability, Responsibility, Authority)
8. Maintain cordial and amicable relationship with regulators and other prominent stakeholders, complying with all legal and regulatory requirements.

## SWOT ANALYSIS

***Strength***

1. Government Stake
2. PPP model organization
3. Stake of all Insurance Companies of Nepal
4. High Paid up capital in comparison with other RI Companies
5. Life and Non-life – Composite Business
6. Terrorism Pool Legacy
7. Performance till date – Highly Satisfactory
8. Only Reinsurance Company in Nepal
9. Business contacts with prominent reinsurance brokers of the region

***Weakness***

1. New set up
2. Lack of adequate professional human resource in reissuance sector
3. Robust IT system not in place
4. Credit Rating not yet done
5. Related professional expertise in governing positions
6. Possibility of conflict of interest in business processes

***Opportunities***

1. Nepal – Growing in Insurance Sector
2. India – Reinsurance approval for Nepal
3. Access in Global Reinsurance Market
4. Ample opportunities to invest surplus liquidity
5. Monopolistic Environment in Domestic Market

***Threats***

1. Highly competition from International perspective
2. Unawareness of nature of the business of the Company by competent authority

## STRATEGIC OBJECTIVES in relation to Strategic Directions

| Strategic Directions/Goals | Strategic Objectives |
|---|---|
| 1 Be known at the Insurance and Reinsurance market nationally and internationally about the existence of Nepal Re, with highest level of financial and technical strength, joining hands with prominent players in reinsurance sector. | 1.1 Create and maintain professional and effective business relationship with credible Insurance and Reinsurance Companies.<br>1.2 Effective Broker Management.<br>1.3 Associate with International Reinsurance Societies and related bodies.<br>1.4 Effective Marketing and Publicity through proper media. |
| 2 Grow reinsurance business remarkably and steadily thereby maximizing overall profit of the Company, considering the risk coverage and risk retention capacity of the Company.<br><br>(Claim Handling, Business Decision, | 2.1 Make Nepal Re a leading corporate organization<br>(10 times more than the current business in five years span of time.)<br>2.2 Initiate and assume maximum possible reinsurance business from Nepal market considering the risk bearing capacity of the company, both life and non-life.<br>2.3 Product Innovate/Development as per the requirement of domestic and regional/international market.<br>2.4 Product Development in line with Government's Policies and Program like health insurance, Foreign Employment Insurance, deposit guarantee insurance, Agro and Micro Insurance etc.<br>2.5 Frequent segmental analysis of the business through dedicated team, for decision making on business portfolio management and business concentration areas. (Risk management)<br>2.6 Increase Inward Reinsurance business from International market |
| 3 Invest Companies investible fund in high yielding areas with appropriate risk categorization. | 3.1 Investment Policy in place with proper guidelines<br>3.2 Periodic analysis, prediction and management of cash flow requirement including foreign currency management and hedging.<br>3.3 Investment in Government prioritized areas with optimum return<br>3.4 Explore potential investments areas |

| | | |
|---|---|---|
| 4 | Increase share based equity capital through public offer and list into stock market, maximizing profit and net worth and also devising appropriate dividend policy. | 4.1 Capital Structure Requirement Analysis<br>4.2 IPO, Listing<br>4.3 Dividend Policy in place. |
| 5 | Equip and Garland the Company with technically sound human resources to meet market requirement at global standards. | 5.1 Human Resource Requirement Analysis, focusing technical and professional HR requirement ((Underwriting, Retrocession, Claim, Research & Development, Investment, Marketing etc.)<br>5.2 Recruit required manpower<br>5.3 Continuous global training to HR of the company.<br>5.4 Analyze, fix and revise compensation in commensurate with their expertise and knowledge to retain them.<br>5.5 Create specialized advisory group of experts for different policy guidance to the company. |
| 6 | Ensure Institutional Development through adequate infrastructure facilities (self-owned building, Ratings, IT management system, IFRS) | 6.1 Construct Company's own Building<br>6.2 Ratings<br>6.3 Develop/procure robust net based ERP (IT system)<br>6.4 Implement NFRSs |
| 7 | Ensure institutionalization of International level Corporate Governance System to ensure transparency. (Target, Accountability, Responsibility, Authority) | 7.1 Redefine board structure, standing and not - standing committees and task force<br>7.2 Devise appropriate MIS for timely reporting system<br>7.3 Timely completion of Audit, prepare Annual Report and Conduct AGM<br>7.4 Develop standard operating procedure for different operational areas. |
| 8 | Maintain cordial and amicable relationship with regulators and other prominent stakeholders, complying with all legal and regulatory requirements. | 8.1 Nepal Government, MoF<br>8.2 NRB<br>8.3 IRD<br>8.4 Beema Samiti<br>8.5 Security Board of Nepal<br>8.6 The Institute of Chartered Accountants of Nepal<br>8.7 Accounting Standard Board of Nepal<br>8.8 Nepal Stock Exchange<br>8.9 Company Registrar Office<br>8.10 Actuaries<br>8.11 Valuators/Surveyors<br>8.12 CSR Policy |